# MEDIA ADVISORY

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उपउच्चायुक्त क्युङ ह्वा काङले वैशाख ५ देखि ७ गतेसम्म नेपाल भ्रमण गर्ने**

२०६८, वैशाख २

*काठमाडौं–* संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उपउच्चायुक्त क्युङ-ह्वा काङ तीन दिने औपचारिक भ्रमणका लागि वैशाख ५ गते नेपाल आइपुग्नुहुनेछ। उहाँले सरकार, राष्ट्रिय मानवअधिकार संस्था तथा नागरिक समाज सङ्गठनका प्रतिनिधिहरूसँग भेटघाट गर्नुहुनेछ।

काङले व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिद्वारा आयोजना गरिने एक कार्यक्रममा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूलाई पूर्ण रूपले अङ्गीकार गर्ने संविधान लागु गर्नुका साथै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगको स्थापना गर्ने लगायतका मानवअधिकारसँग सम्बन्धित कानुन पारित गर्न आह्वान गर्न संविधानसभाका सदस्यहरूलाई सम्बोधन गर्नुहुनेछ। उहाँले राष्ट्रिय दलित आयोगको संलग्नतामा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय)द्वारा आयोजना गरिने जातपातमा आधारित विभेदबाट पीडित भएकाहरूका लागि न्यायमा पहुँचसम्बन्धी राष्ट्रिय परामर्श कार्यक्रमका साथै राष्ट्रिय महिला आयोगद्वारा काठमाडौंमा आयोजना गरिने नागरिकतामा रहेका महिलाविरुद्धका विभेदकारी प्रावधानसम्बन्धी गोलमेच कार्यक्रममा पनि भाग लिनुहुनेछ।

आफ्नो भ्रमणका क्रममा उपउच्चायुक्तले पीडितहरूका लागि सत्य, न्याय र न्यायिक क्षतिपूर्ति सुनिश्चित गर्न सङ्क्रमणकालीन न्यायका दुईवटा संयन्त्रहरू – बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग - को शीघ्र स्थापनाका निम्ति वकालत गर्नुहुनेछ। उहाँले द्वन्द्वका क्रममा तथा द्वन्द्वपश्चात् गरिएका गम्भीर मानवअधिकार उल्लङ्घनहरूका लागि जिम्मेवारहरूलाई अभियोजन गर्न तथा यसै वर्ष जनवरीमा नेपालमा मानवअधिकारको स्थितिसम्बन्धी विश्वव्यापी आवधिक समीक्षाका क्रममा राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूबाट गरिएका सिफारिसहरूको कार्यान्वयन गर्न समेत आह्वान गर्नुहुनेछ।

काङले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुरूप कानुनी मापदण्ड र सर्वोत्तम अभ्यास तयार गर्नमा सहायता गरेर, खासगरी देशको मानवअधिकार कार्यसूचीका सम्बन्धमा नेपालको शान्ति प्रक्रियामा निरन्तर सहयोग गर्ने उच्चायुक्तको कार्यालयको प्रतिबद्धतामा जोड दिनुहुनेछ।

भ्रमणको अन्त्यमा उपउच्चायुक्तले पत्रकार सम्मेलन गर्नुहुनेछ। सो पत्रकार सम्मेलन वैशाख ७ गते बुधबार दिउँसो ३.३० बजे होटेल हिमालयमा हुनेछ।


Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937